परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २९७ पष्ठ ४ २०८३ साउन ३१ गते आइतबार 15 August, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# बर्दिबास मेडिकल कलेज आयोजना खारेजीविरुद्ध स्थानीय सरोकारवालाको ७ दिने अल्टिमेटम

● टक नेपाल

राष्ट्रिय प्राथमिकताप्राप्त बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना खारेज गर्ने सरकारको निर्णयविरुद्ध बर्दिबासमा स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, उद्योगी-व्यवसायी तथा नागरिक समाज एकजुट भएका छन् ।



बर्दिबास नगरपालिकाका नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीको नेतृत्वमा सरोकारवालाले जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र बुझाउँदै आयोजना तत्काल पुनः सञ्चालन गर्न सरकारसँग माग गरेका छन् ।

शिक्षा तथा खेलकुद मन्त्रालयले २०८३ साउन १५ गते आयोजना खारेजीसँग सम्बन्धित प्रक्रिया अघि बढाउँदै आयोजनाका सामग्री तथा सम्पत्तिको व्यवस्थापन सम्बन्धी काम अघि बढाएको विषय सार्वजनिक भएपछि स्थानीयस्तरमा असन्तुष्टि बढेको हो ।

बर्दिबास नगरपालिकासहित राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, श्रम संस्कृति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टीलगायत राजनीतिक दल तथा महोत्तरी चेम्बर अफ कमर्स, बर्दिबास उद्योग वाणिज्य संघ र नागरिक समाजका प्रतिनिधिले संयुक्त रूपमा प्रमुख जिल्ला अधिकारीसमक्ष ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

ज्ञापनपत्रमा बर्दिबास मेडिकल कलेज केवल भौतिक पूर्वाधार निर्माणको आयोजना नभई महोत्तरी सहित मधेश प्रदेशका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षा उपलब्ध गराउने दीर्घकालीन राष्ट्रिय महत्वको आयोजना भएको उल्लेख गरिएको छ ।

'एक प्रदेश, एक मेडिकल कलेज' अवधारणाअनुसार आर्थिक वर्ष २०७३/०७४ को बजेट वक्तव्यमार्फत बर्दिबासमा मेडिकल कलेज स्थापना गर्ने घोषणा भएको र त्यसपछि आयोजना राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाका रूपमा अघि बढेको सरोकारवालाको भनाइ छ ।

आयोजना कार्यान्वयनका क्रममा रहेका वन, वातावरण, जग्गा तथा कानुनी अवरोधमध्ये महत्वपूर्ण प्रक्रिया समाधान भइसकेको ज्ञापनपत्रमा उल्लेख छ । बर्दिबास नगरपालिका-४ मा मेडिकल कलेज निर्माणका लागि ५४.५८४ हेक्टर राष्ट्रिय वन क्षेत्रको जमिन प्रयोग गर्ने तथा त्यहाँ रहेका १ हजार ९ सय ६७ वटा रुख हटाउने विषयमा नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भइसकेको जनाइएको छ ।

त्यस्तै, वृक्षारोपण, संरक्षण तथा वातावरणीय दायित्वसम्बन्धी कामसमेत सम्पन्न भएको र २०८३ असार ३० गते वन तथा भू-संरक्षण विभागसँग सम्झौता भई आयोजनाका लागि आवश्यक जमिन प्राप्त भइसकेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । यससँगै लामो समयदेखि रहेको वन तथा जग्गासम्बन्धी प्रमुख अवरोध हटेको स्थानीय सरोकारवालाको दाबी छ ।

यसैबीच, श्रावणको पहिलो साता शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले प्रस्तावित मेडिकल कलेज निर्माणस्थलको स्थलगत निरीक्षण गरेको भन्दै स्थानीय सरोकारवालाले आयोजना अघि बढ्ने अपेक्षा गरेका थिए । निरीक्षणलगत्तै आयोजना खारेजीको प्रक्रिया अघि बढाइनु विरोधाभासपूर्ण भएको उनीहरूको भनाइ छ ।

ज्ञापनपत्रअनुसार आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) स्वीकृत भइसकेको छ भने पहिलो चरणको अनुमानित लागत करिब १० अर्ब रुपैयाँ रहेको छ । वन तथा भू-संरक्षण विभागसँग सम्झौता भइसकेको, साइट क्लियरेन्स तथा बहुवर्षीय ठेक्काका आवश्यक कागजात तयारीको चरणमा रहेको र नयाँ आर्थिक वर्षको सुरुवातमै बहुवर्षीय ठेक्का स्वीकृतिका लागि प्रस्ताव अघि बढाउने तयारी भइरहेका बेला आयोजना बन्द गर्ने निर्णय उचित नभएको सरोकारवालाको तर्क छ ।

### सरकारसँग ६ बुँदे माग

स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाले सरकारसमक्ष आयोजना खारेज वा बन्द नगरी तत्काल निर्माण कार्य अघि बढाउन माग गरेका छन् ।

उनीहरूले वन तथा भू-संरक्षण विभागसँग भएको सम्झौताअनुसार प्राप्त जमिनमा साइट क्लियरेन्सलगायत बाँकी काम तत्काल अघि बढाउन, बहुवर्षीय ठेक्का स्वीकृति, स्रोत सुनिश्चितता तथा बजेट व्यवस्थापनको प्रक्रिया अविलम्ब अगाडि बढाउन माग गरेका छन् ।

त्यस्तै, साउन १५ गतेदेखि आयोजना बन्द गर्ने वा आयोजनासँग सम्बन्धित सामग्री अन्यत्र व्यवस्थापन गर्ने विषयमा अघि बढाइएको प्रक्रिया भए तत्काल रोक्न र आयोजना निरन्तर रहने सम्बन्धमा सरकारको स्पष्ट आधिकारिक धारणा सार्वजनिक गर्न माग गरिएको छ ।

आयोजनाको भविष्यबारे नेपाल सरकार, सम्बन्धित मन्त्रालय तथा आयोजना पक्षले स्थानीय जनप्रतिनिधि र सरोकारवालालाई स्पष्ट जानकारी दिनुपर्ने तथा हालसम्म राज्यको लगानीबाट भएका काम, स्वीकृत डीपीआर र अन्य प्राविधिक तथा प्रशासनिक उपलब्धिको संरक्षण गर्दै समयबद्ध कार्ययोजना बनाएर निर्माण अघि बढाउनुपर्ने मागसमेत गरिएको छ ।

### सात दिनभित्र निर्णय नभए चरणबद्ध आन्दोलन

सरोकारवालाले सरकारलाई आयोजना सञ्चालनबारे निर्णय गर्न सात दिनको अल्टिमेटम दिएका छन् ।

ध्यानाकर्षणपत्र प्राप्त भएको मितिले सात दिनभित्र बर्दिबास मेडिकल कलेजको निर्माण कार्य अघि बढाउने वा आयोजना खारेज तथा बन्द नहुने सम्बन्धमा स्पष्ट र आधिकारिक प्रतिबद्धता सार्वजनिक गर्न माग गरिएको छ ।

सात दिनभित्र माग सम्बोधन नभए बर्दिबास नगरपालिका, राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज, बुद्धिजीवी, उद्योगी-व्यवसायी, युवा, विद्यार्थी तथा आम नागरिकको सहभागितामा शान्तिपूर्ण, लोकतान्त्रिक र संगठित रूपमा चरणबद्ध आन्दोलन सुरु गर्ने चेतावनी दिइएको छ । आवश्यक परे अनिश्चितकालीन आन्दोलन समेत घोषणा गर्ने चेतावनी ज्ञापनपत्रमार्फत दिइएको छ ।

स्थानीय सरोकारवालाले बर्दिबास मेडिकल कलेजलाई स्थानीय नागरिकको वर्षौंदेखिको सपना र अपेक्षासँगै राष्ट्रिय महत्वको आयोजनाका रूपमा व्याख्या गरेका छन् । लामो प्रयासपछि जग्गा प्राप्ति, वन तथा वातावरणसम्बन्धी प्रक्रिया र डीपीआर स्वीकृतिसम्म पुगेको आयोजनालाई पुनः रोक्ने वा खारेज गर्ने कदमले स्थानीय जनताको धैर्यको सीमा समाप्त हुने चेतावनी उनीहरूले दिएका छन् ।

## मिथिलाञ्चलमा झुलोनोत्सव सुरु मठमन्दिरमा सीतारामसहित देवीदेवता झुलाइँदै

मिथिलाञ्चलमा आजदेखि धार्मिक तथा सांस्कृतिक पर्व झुलोनोत्सव (झूला) सुरु भएको छ। साउन शुक्ल तृतीयादेखि सुरु हुने यो पर्व पूर्णिमासम्म विभिन्न धार्मिक विधि र परम्पराअनुसार मनाइन्छ ।

झुलोनोत्सवका अवसरमा मिथिलाका मठमन्दिरमा विशेष किसिमका सिंहासन निर्माण गरी सजाइएको गद्दीमा राम-सीतासहित विभिन्न देवीदेवताका प्रतिमा राखेर झुलाउने परम्परा छ। विशेषगरी भगवान् सीताराम र राधाकृष्णलाई झुलामा झुलाउने गरिन्छ।

जानकी मन्दिरका छोटे महन्थ रामरोसन दास वैष्णवका अनुसार झुलोनोत्सवको सुरुआत सन्त परम्परासँग जोडिएको पौराणिक मान्यता छ। सन्तहरूले खुला चउर वा रुखको छहारीमा बास बस्दा झोलामा बोकेर ल्याएको शालिग्रामलाई आसनमा राखी झुलाउने गरेको जनविश्वासका आधारमा मिथिलामा यो परम्परा निरन्तर चल्दै आएको उहाँले बताउनुभयो ।

मिथिलाका अधिकांश मठमन्दिरमा झुलोनोत्सव मनाइए पनि जनकपुरधामका मठमन्दिरमा हुने झुला विशेष आकर्षणको केन्द्र मानिन्छ। उत्सव अवधिभर मन्दिरहरूमा भगवान् राम-जानकी तथा राधाकृष्णका प्रतिमालाई झुलाउनेसँगै भजनकीर्तन, नाचगान, नाटक तथा लोककथा प्रस्तुत गर्ने गरिन्छ। यस क्रममा विभिन्न मठमन्दिरबीच सजावट तथा सांस्कृतिक प्रस्तुतिमा समेत प्रतिस्पर्धात्मक वातावरण देखिने गरेको छ।

### मटिहानीमा पनि झुलोनोत्सव सुरु

ऐतिहासिक तथा धार्मिक नगरी मटिहानीमा पनि आजदेखि पौराणिक, धार्मिक तथा

बाकी पष्ठ ४......




साइव अपाधबाट जोगिआं !!!

कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।

- बलियो पासवड राखौं, पासवडलाइ नियमित रुपमा पवितन गारैं।
- अपर्चित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं ।
- अपर्चित व्यक्तिले युर्जरनेम पासवड मागे नदिऔं ।
- ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक पटक आए ब्लक गारै ।
- आफना व्यक्तिगत विवणहरु (ओटिपी, युर्जरनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, राहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगारै, सुक्षित राखौं ।

गौशाला नगरपालिका,
महोत्तरी, मधेश प्रदेश

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### सुशासनको आधार नागरिकमैत्री सेवा

सार्वजनिक सेवा प्रवाह नागरिकले सुशासनको प्रत्यक्ष अनुभूति गर्ने पहिलो आधार हो। तर नेपालको प्रशासन अझै पनि ढिलासुस्ती, कागजी प्रक्रिया, बिचौलिया र अपारदर्शिताबाट पूर्ण रूपमा मुक्त हुन सकेको छैन । नागरिकले सामान्य सेवा लिनसमेत पटक-पटक कार्यालय धाउनुपर्ने, एउटै विवरण विभिन्न निकायमा बुझाउनुपर्ने र अनलाइन प्रक्रिया पूरागरे पछि पनि कागजात बोकेर कार्यालय पुग्नुपर्ने अवस्था डिजिटल शासनको कमजोर कार्यान्वयनको प्रमाण हो।

जेनजी आन्दोलनले उठाएको भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, नागरिककेन्द्रित शासन र नतिजामुखी प्रशासनको मागलाई सरकारले गम्भीर सुधारको अवसर का रूपमा लिनुपर्छ। चार महिनाको कार्यकालमै सबै समस्या समाधान हुने अपेक्षा गर्नु उचित होइन। तथापि भ्रष्टाचारका पुराना फाइल खोल्ने, अनावश्यक संरचना घटाउने र सार्वजनिक सेवा घरदैलोमा पुऱ्याउने प्रयास सकारात्मक सुरुवात हुन्।

अब सुधारलाई प्रचारमुखी नभई परिणाममुखी बनाउन आवश्यक छ। नागरिक एपलाई वास्तविक 'वन स्टप सिटिजन पोर्टल' बनाउँदै सरकारी सेवामा भौतिक उपस्थितिको बाध्यता अन्त्य गर्नुपर्छ। सबै सरकारी डेटाबेसलाई सुरक्षित राष्ट्रिय प्रणालीमा जोडेर नागरिकले एकपटक बुझाएको विवरण पुनः माग्न नपाउने ' वन्स ओन्ली' व्यवस्था लागू गरिनुपर्छ। सेवा प्रवाहको समयसीमा तोकी कर्मचारीको कार्यसम्पादनसँग त्यसलाई जोड्नुपर्छ र ढिलाइ भए जिम्मेवारी तथा दण्डको स्पष्ट व्यवस्था हुनुपर्छ।

त्यसैगरी नागरिकले डिजिटल माध्यमबाट सेवा मूल्याङ्कन, गुनासो र उजुरी गर्न सक्ने पारदर्शी संयन्त्र आवश्यक छ । डिजिटल शासनको अर्थ कागजी कामलाई अनलाइनमा सार्नु मात्र होइन; सेवा प्रणालीलाई पेपरलेस, फेसलेस, क्यासलेस र नागरिकमैत्री बनाउनु हो।

स्थानीय तहसम्म डिजिटल पूर्वाधार र कर्मचारी क्षमता विस्तार नगरी परिवर्तन सम्भव छैन। दुर्गम तथा डिजिटल पहुँच कमजोर भएका नागरिकलाई वैकल्पिक सहायता उपलब्ध गराउँदै डिजिटल विभाजन घटाउनु उत्तिकै जरुरी छ।




## आवश्यकता अनुसार मधेश प्रदेशमा
# ट्रमा युनिट सञ्चालन हुन्छ : स्वास्थ्य मन्त्री मेहता

● टक नेपाल ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले मधेश प्रदेशमा आवश्यकता अनुसार ट्रमा इकाइ (युनिट) सञ्चालन गरिने बताउनु भएको छ। लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका (राउ) प्रादेशिक अस्पताल लहानको अनुगमनका क्रममा उहाँले सो कुरा बताउनुभएको हो।



लहानमा रक्तसञ्चार पूर्वाधार तथा सिटी स्क्यान लगायतका पूर्वाधारहरू उपलब्ध रहेकाले तत्कालै ट्रमा इकाइ सञ्चालनमा ल्याइने मन्त्री मेहताले स्पष्ट पार्नुभयो।

"सहरी तथा ग्रामीण हरेक क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउने सरकारको योजना छ। मधेश प्रदेशको लहान र धनुषाको ढल्केबरमा मात्रै होइन, आवश्यकता अनुसार अन्य ठाउँमा पनि ट्रमा युनिट सञ्चालनमा आउने छ। कुनै पनि ठाउँलाई वेवास्ता गर्ने सरकारको सोच छैन," उहाँले भन्नुभयो।

स्वास्थ्य बिमाका सम्बन्धमा सञ्चारकर्मीले सोधेको प्रश्नको उत्तर दिँदै मन्त्री मेहताले बिमा बन्द नगरिएको स्पष्ट पार्नुभयो। "तत्काल निजी अस्पतालमा बन्द गरिए पनि सरकारी अस्पतालमा सेवा निरन्तर छ। सरकारले गएको फागुन महिनासम्ममा १८ अर्ब रुपियाँ बिमा बापत भुक्तानी गरिसकेको छ," उहाँले जानकारी दिनुभयो। साथै राउ प्रादेशिक अस्पताल लहानमा सिटी स्क्यान सञ्चालनका लागि रेडियो लोजिस्टको व्यवस्थापन तत्कालै गरिने प्रतिबद्धतासमेत उहाँले व्यक्त गर्नुभयो।

अनुगमनका क्रममा राउ प्रादेशिक अस्पताल लहानका मेडिकल सुपरिटेन्डेन्ट डा. वर्षा प्रकाशले बिरामीको चाप अनुसार चिकित्सकको दरबन्दी र नयाँ भौतिक पूर्वाधार निर्माणमा मन्त्री मेहताको ध्यानाकर्षण गराउनुभयो। उहाँले २०३९ सालमा बनेको अस्पतालको भवन चालिस वर्षभन्दा पुरानो भइसकेकाले सम्भावित भूकम्पका दृष्टिले जोखिमपूर्ण रहेको इन्जिनियरहरूको सल्लाह उद्धृत गर्दै जानकारी दिनुभयो।

सो क्रममा सिरहा क्षेत्र नं. १ का सांसद बब्लु गुप्ताले लहान र वरपरका जिल्लाका गरी करिब बीस लाख जनताले स्वास्थ्य सेवा लिने केन्द्रका रूपमा लहान रहेकाले यहाँ ट्रमा सेन्टर अत्यावश्यक रहेको भन्दै मन्त्रीको ध्यानाकर्षण गराउनु भयो। अस्पतालका नाममा एक बिघा १५ कट्ठा दस धुर जग्गा दर्ता भइसकेको जानकारी गराउँदै उहाँले लहानमा पनि ट्रमा सेन्टर स्थापना हुनुपर्नेमा जोड दिनुभयो।

मन्त्री मेहताले राउ प्रादेशिक अस्पतालका साथै सोही परिसरसँग जोडिएको सगरमाथा चौधरी आँखा अस्पतालको समेत अनुगमन गर्नुभयो। मन्त्री मेहताले लहान नगरपालिका-३ मा अलपत्र रहेको बाल अस्पताल र धनगढीमाई नगरपालिका-११ स्थित महेन्द्र गेनाई बाल तथा प्रसूति अस्पतालको समेत अनुगमन गर्ने कार्यक्रम रहेको छ।

# मुक्त हरवाचरवाको लगत र परिचयपत्र वितरण तत्काल सुरु गर्न माग



● टक नेपाल

मुक्त हरवाचरवा अधिकार मञ्चले हरवाचरवा समुदायको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया तत्काल सुरु गर्न मधेश प्रदेश सरकारसँग माग गरेको छ।

मञ्चले भूमिहीन मुक्त हरवाचरवा परिवारको पहिचान गरी दिगो पुनःस्थापना, भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी तथा जीविकोपार्जन सुनिश्चित गर्न ठोस नीति, बजेट र कार्यान्वयन योजना ल्याउन माग गर्दै सरकारलाई १० दिने अल्टिमेटम दिएको हो।

मधेश प्रदेशका आठवटै जिल्लाका मुक्त हरवाचरवा अधिकार मञ्चका जिल्ला अध्यक्षहरूले हस्ताक्षर गरेको ध्यानाकर्षणपत्र भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्याम पटेललाई बुझाउँदै माग पूरा गर्न आग्रह गरिएको छ। निर्धारित समयभित्र माग सम्बोधन नभए शान्तिपूर्ण तथा चरणबद्ध आन्दोलन सञ्चालन गर्ने चेतावनीसमेत मञ्चले दिएको छ।

मञ्चका अनुसार तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०७९ साउन २ गते हरवाचरवा प्रथा अन्त्य गर्दै समुदायलाई मुक्त घोषणा गर्नुभएको थियो। तर चार वर्ष पुग्न लाग्दा समेत त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको मञ्चको गुनासो छ। सरकारले औपचारिक रूपमा मुक्ति घोषणा गरे पनि धेरै हरवाचरवा परिवार अझै भूमिहीनता, गरिबी, असुरक्षित आवास, बेरोजगारी र सामाजिक असुरक्षाको अवस्थामा रहेको मञ्चले जनाएको छ।

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमको बुँदा ४.२.१ मार्फत हरवाचरवा समुदायको पूर्ण मुक्ति, भूमि अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनःस्थापना तथा मर्यादित जीविकोपार्जन सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ। तर उक्त प्रतिबद्धता कार्यान्वयनका लागि आवश्यक कार्ययोजना, बजेट, जिम्मेवार निकाय र स्पष्ट समयसीमा सार्वजनिक नभएको मञ्चको भनाइ छ।

मञ्चले प्रदेश सरकारसमक्ष तत्काल कार्यान्वयन गर्नुपर्ने दुई मुख्य माग अघि सारेको छ। पहिलो, मधेश प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसँग प्रभावकारी समन्वय गरी हरवाचरवा समुदायको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया सुरु गर्नुपर्ने माग गरिएको छ।

दोस्रो, भूमिहीन मुक्त हरवाचरवा परिवारको पहिचान गरी उनीहरूको दिगो पुनःस्थापनाका लागि स्पष्ट कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा लैजानुपर्ने मञ्चको माग छ। पुनःस्थापनासँगै भूमि अधिकार, सामाजिक सुरक्षा, रोजगारी र जीविकोपार्जनका अवसर सुनिश्चित गर्न पनि मञ्चले सरकारको ध्यानाकर्षण गराएको छ।

माग सम्बोधनका लागि ज्ञापनपत्र बुझाएको सातदेखि १० दिनभित्र ठोस निर्णय, आवश्यक बजेट र कार्यान्वयन प्रक्रियासहितको प्रतिबद्धता सार्वजनिक गर्न मञ्चले आग्रह गरेको छ। माग पूरा नभए विशाल ऱ्याली, धर्नालगायत चरणबद्ध आन्दोलनका कार्यक्रम सञ्चालन गरिने मञ्चका जिल्ला अध्यक्षहरूले बताएका छन्। प्रस्तावित आन्दोलन समुदायको नेतृत्व र सहभागितामा पूर्णतः शान्तिपूर्ण, लोकतान्त्रिक तथा संविधानसम्मत हुने उनीहरूको भनाइ छ।

ध्यानाकर्षणपत्र बुझ्दै मन्त्री पटेलले हरवाचरवा समुदायका मागप्रति प्रदेश सरकार गम्भीर रहेको बताउनुभयो। उहाँले तोकिएको अवधिभित्र मुख्यमन्त्रीसँग समन्वय गरी माग सम्बोधनका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको मञ्चले जनाएको छ।

मञ्चले हरवाचरवा समुदायको मुक्ति घोषणा र सरकारी आश्वासनमा मात्र सीमित हुन नहुने बताएको छ। पहिचान, अधिकार, पुनःस्थापना र सम्मानजनक जीवनयापनको व्यवहारिक सुनिश्चितता नै वास्तविक मुक्ति भएकाले प्रदेश सरकारले आफ्नै नीति तथा कार्यक्रममा उल्लेख गरेका प्रतिबद्धतालाई तत्काल कार्यान्वयनमा लैजानुपर्ने मञ्चको जोड छ।


हरवाचरवा समुदाय लामो समयदेखि जमिन, रोजगारी, आवास तथा सामाजिक सुरक्षाको अभावमा जीवनयापन गर्न बाध्य रहेको भन्दै मञ्चले राज्यले घोषणा गरेको मुक्ति व्यवहारमा अनुभूत हुने गरी कार्यक्रम सञ्चालन गर्न माग गरेको छ। लगत सङ्कलन र परिचयपत्र वितरणलाई पुनःस्थापना तथा अधिकार सुनिश्चित गर्ने आधारका रूपमा अघि बढाउनुपर्ने उनीहरूको भनाइ छ।



# जडीबुटीदेखि कूटनीतिसम्म

डा. मदन कुमार पौडेल


डा. मदनकुमार पौडेल



नेपाल र जापान कूटनीतिक सम्बन्ध सात दशक पूरा

नेपाल जैविक सम्पदा र जापान उन्नत प्रविधिका धनी

वैज्ञानिक अनुसन्धान र प्रशोधनमा सहकार्य आवश्यक

हर्बल कूटनीतिले सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने

हरित अर्थतन्त्र निर्माणमा दिगो साझेदारी आवश्यक

नेपाल र जापानबिच कूटनीतिक सम्बन्ध स्थापना भएको सात दशक पूरा हुँदै गर्दा एउटा स्वाभाविक प्रश्न उठ्छ- अब यी दुई देशको सम्बन्धलाई आगामी दशकमा कुन नयाँ आधारले अघि बढाउने ? विगत ७० वर्षमा नेपाल-जापान सम्बन्ध विकास सहायता, पूर्वाधार निर्माण, शिक्षा, प्राविधिक सहयोग र जनस्तरको आत्मीय सम्बन्धमा आधारित रह्यो। जापान नेपालको विश्वासिलो विकास साझेदारका रूपमा स्थापित भएको छ। बदलिँदो विश्व परिवेशमा मित्रताको गहिराइ केवल औपचारिक कूटनीतिक सम्बन्धले मात्र मापन हुँदैन । आजको अन्तर्राष्ट्रिय सम्बन्ध ज्ञान, प्रविधि, नवप्रवर्तन, स्वास्थ्य, वातावरण र दिगो आर्थिक साझेदारीमा आधारित बन्दै गएको छ। यही सन्दर्भमा नेपाल र जापानबिच 'हर्बल कूटनीति' को अवधारणाले सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने सम्भावना छ।

## सुगन्धित वनस्पति

नेपाल प्राकृतिक सम्पदाले सम्पन्न राष्ट्र हो । हिमाल, पहाड र तराईसम्म फैलिएको भौगोलिक विविधताले नेपाललाई विश्वकै समृद्ध जैविक विविधतायुक्त देशमध्ये एक बनाएको छ। विशेष गरी औषधीय तथा सुगन्धित वनस्पतिका दृष्टिले नेपालको सम्भावना असाधारण छ। विभिन्न अध्ययनले नेपालमा सात सयभन्दा बढी औषधीय तथा सुगन्धित वनस्पति प्रजाति रहेको देखाएका छन् । जटामसी, कुट्की, पाँचऔँले, सतुवा, चिराइतो, टिमुर, गुर्जो, बोझो, असुरो जस्ता वनस्पति केवल वनका उत्पादन मात्र होइनन्; ती नेपालको सांस्कृतिक पहिचान, परम्परागत स्वास्थ्य प्रणाली, ग्रामीण जीविकोपार्जन र भविष्यको हरित अर्थतन्त्रका महत्तवपूर्ण आधार हुन् ।

नेपाली समाजले सताब्दिऔँदेखि जडीबुटीलाई दैनिक जीवनसँग जोडेर प्रयोग गर्दै आएको छ। आयुर्वेद, आम्ची चिकित्सा र स्थानीय समुदायका परम्परागत उपचार पद्धतिले प्राकृतिक स्रोतमा आधारित ज्ञानलाई पुस्तौँदेखि संरक्षण गरेका छन्। सामान्य रुघाखोकीदेखि पाचन समस्या, चोटपटक र दीर्घरोगसम्मका उपचारमा जडीबुटीको प्रयोग अझै पनि ग्रामीण समाजमा जीवित छ। आधुनिक चिकित्सा प्रणाली व्यापक रूपमा विस्तार हुनुभन्दा धेरैअघि यही परम्परागत ज्ञानले नेपाली समाजको स्वास्थ्य सुरक्षामा महत्तवपूर्ण भूमिका खेलेको थियो। यही ज्ञान र जैविक सम्पदा आज विश्व बजारमा नेपालको विशिष्ट पहिचान बन्न सक्ने आधार पनि हो।

यति ठुलो सम्भावना हुँदाहुँदै पनि नेपालले यस क्षेत्रबाट अपेक्षित लाभ लिन सकेको छैन । यसको प्रमुख कारण जडीबुटीलाई मूल्य अभिवृद्धि नगरी कच्चा पदार्थका रूपमा निर्यात गर्ने प्रवृत्ति हो। हिमाली र पहाडी क्षेत्रबाट सङ्कलित बहुमूल्य वनस्पति न्यून मूल्यमा विदेश पुग्छन् । तिनै वनस्पतिबाट उच्च मूल्यका औषधी, पोषणजन्य सामग्री, स्वास्थ्य उत्पादन र सौन्दर्य प्रसाधन तयार भएर पुनः नेपालमै आयात हुन्छन् । यसको अर्थ, हामीसँग स्रोत छ तर त्यसलाई विज्ञान, प्रविधि, उद्योग र अन्तर्राष्ट्रिय बजारसँग जोड्ने संरचना कमजोर छ।

यस अवस्थाले केवल आर्थिक अवसर गुमाएको मात्र छैन, नेपालको वैज्ञानिक अनुसन्धान, औद्योगिक विकास र ग्रामीण रोजगारी सिर्जनाको सम्भावनालाई पनि सीमित बनाएको छ । जडीबुटीलाई वैज्ञानिक अनुसन्धान, गुणस्तर प्रमाणीकरण, आधुनिक प्रशोधन र ब्रान्डिङसँग जोड्न सकियो भने यसले स्थानीय किसानदेखि र ाष्ट्रिय अर्थतन्त्रसम्म सकारात्मक प्रभाव पार्न सक्छ। प्राकृतिक स्रोतलाई मात्र होइन, ज्ञान, अनुसन्धान र अन्तर्राष्ट्रिय साझेदारीलाई पनि समान महत्तव दिनुपर्ने हुन्छ।

## हर्बल कूटनीति

यहीँबाट नेपाल-जापान सहकार्यको नयाँ अध्याय सुरु हुन सक्छ। नेपालसँग जैविक सम्पदा, परम्परागत ज्ञान र प्राकृतिक स्रोत छन् भने जापानसँग अनुसन्धान क्षमता, अत्याधुनिक प्रविधि, गुणस्तर व्यवस्थापन र विश्व बजारमा पहुँच छ। यी दुई पक्षको संयोजनले केवल व्यापारिक अवसर सिर्जना गर्ने होइन, स्वास्थ्य, विज्ञान, शिक्षा र दिगो विकासका क्षेत्रमा पनि नयाँ सम्भावनाको ढोका खोल्न सक्छ । अबको आवश्यकता परम्परागत कूटनीतिलाई आर्थिक तथा वैज्ञानिक सहकार्यसँग जोड्दै ' हर्बल कूटनीति' लाई नेपाल-जापान सम्बन्धको नयाँ आधारका रूपमा अघि बढाउनु हो।

नेपालले आफ्नो जैविक सम्पदालाई राष्ट्रिय समृद्धिको आधार बनाउने हो भने अबको प्राथमिकता जडीबुटीको सङ्कलन मात्र होइन, त्यसको वैज्ञानिक अनुसन्धान, गुणस्तर प्रमाणीकरण, मूल्य अभिवृद्धि र अन्तर्राष्ट्रिय बजारसँगको प्रभावकारी पहुँच हुनु पर्छ। आजको विश्व बजारमा प्राकृतिक स्रोत हुनु मात्रै पर्याप्त हुँदैन । त्यसको गुणस्तर प्रमाणित हुनु पर्छ, प्रभावकारिता वैज्ञानिक रूपमा पुष्टि हुनु पर्छ र उत्पादनले अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्नु पर्छ । प्रतिस्पर्धा अब कच्चा पदार्थको होइन, ज्ञान, प्रविधि र नवप्रवर्तनको हो।

पुस्तौँदेखि स्थानीय समुदायले संरक्षण गरेको ज्ञानलाई आधुनिक अनुसन्धानसँग जोड्न सकियो भने नेपालले आफ्ना औषधीय वनस्पतिलाई केवल स्थानीय प्रयोगमा सीमित नराखी विश्व बजारमा विश्वसनीय स्वास्थ्य उत्पादनका रूपमा स्थापित गर्न सक्छ। यसका लागि अनुसन्धान संस्था, विश्वविद्यालय, निजी क्षेत्र र राज्यबिचको सहकार्यलाई नयाँ ढङ्गले अघि बढाउन आवश्यक छ।

जापान नेपालका लागि सबैभन्दा उपयुक्त साझेदारमध्ये एक हो । जापानले परम्पर ागत चिकित्सा ज्ञानलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै विश्वस्तरीय स्वास्थ्य तथा जैविक प्रविधि उद्योग निर्माण गरेको छ। गुणस्तर व्यवस्थापन, अनुसन्धान संस्कृति, अत्याधुनिक प्रयोगशाला, बौद्धिक सम्पत्तिको संरक्षण र उत्पादन विकासमा जापानले विश्वसामु उदाहरण प्रस्तुत गरेको छ । प्राकृतिक स्रोतलाई उच्च मूल्यका औषधी, स्वास्थ्य सामग्री र पोषणजन्य उत्पादनमा रूपान्तरण गर्ने क्षमता जापानको ठुलो विशेषता हो। नेपालले सिक्नुपर्ने पाठ पनि यही हो-स्रोतलाई उत्पादनमा, उत्पादनलाई ब्रान्डमा र ब्रान्डलाई विश्व बजारमा कसरी पुर्‍याउने।

जापानको अर्को विशेषता भनेको वृद्ध हुँदै गएको जनसङ्ख्या र स्वास्थ्यप्रति बढ्दो सचेतना हो। दीर्घायु समाज निर्माणसँगै त्यहाँ प्राकृतिक स्वास्थ्य सामग्री, कार्यात्मक खाद्य, पोषणजन्य उत्पादन तथा वनस्पतिमा आधारित औषधीप्रतिको रुचि निरन्तर बढिरहेको छ। रोग लागेपछि उपचार गर्नेभन्दा रोग लाग्न नदिने जीवनशैलीमा जापानी समाजले विशेष जोड दिएको छ । आगामी दशकमा प्रमाणित हर्बल उत्पादनको अन्तर्राष्ट्रिय माग अझ विस्तार हुने अपेक्षा गरिएको छ। यस्तो बजारमा नेपालको सहभागिता सम्भव छ तर त्यसका लागि वैज्ञानिक विश्वसनीयता अनिवार्य छ।

नेपालसँग जैविक विविधता छ, जापानसँग अनुसन्धान र प्रविधि छ। नेपालसँग दुर्लभ हिमाली जडीबुटी छन्, जापानसँग तिनलाई विश्व बजारमा प्रतिस्पर्धी उत्पादनमा रूपान्तरण गर्ने अनुभव छ। यी दुवै पक्षको संयोजनले केवल व्यापारिक सम्बन्धलाई होइन, अनुसन्धान, शिक्षा, सार्वजनिक स्वास्थ्य र नवप्रवर्तनलाई नयाँ उचाइमा पुर्‍याउन सक्छ। यही सहकार्य नै हर्बल कूटनीतिको वास्तविक सार हो।

मेरो आफ्नै अनुसन्धान यात्राले पनि यस सम्भावनालाई नजिकबाट बुझ्ने अवसर दिएको छ । जापानको क्युसु विश्वविद्यालयमा अनुसन्धानका क्रममा औषधीय वनस्पतिमा रहेका सक्रिय जैविक यौगिकको गुणस्तर परीक्षण र प्रमाणीकरणका लागि आधुनिक जैविक प्रविधिको प्रयोग गर्ने अवसर प्राप्त भयो । त्यहाँ प्रयोग हुने मोनो क्लोनल एन्टिबडी, इम्युनोएस्से तथा इम्युनोक्रोमाटोग्राफिक प्रविधिले जडीबुटीको गुणस्तर छिटो, सटीक र तुलनात्मक रूपमा कम लागतमा परीक्षण गर्न सकिने सम्भावना देखायो। यस्ता प्रविधि अनुसन्धानका लागि मात्र होइन, उद्योग र बजारका लागि पनि अत्यन्त उपयोगी छन्।

नेपालमा आज पनि जडीबुटीको गुणस्तर, मिसावट, प्रशोधन र प्रमाणीकरणका समस्या विद्यमान छन् । एउटै नाममा फरक गुणस्तरका सामग्री बिक्री हुने, वैज्ञानिक परीक्षणको अभाव रहने तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न कठिन हुने अवस्था छ । यसको प्रत्यक्ष असर निर्यात क्षमता र बजारको विश्वासमा पर्छ । आधुनिक विश्लेषणात्मक प्रविधि प्रयोग गरेर अधुरो, गुर्जो, चिराइतो, टिमुर, बोझो, जटामसी वा कुट्की जस्ता नेपाली औषधीय वनस्पतिको गुणस्तर वैज्ञानिक रूपमा प्रमाणित गर्न सकियो भने नेपाली हर्बल उत्पादनको विश्वसनीयता उल्लेखनीय रूपमा बढ्न सक्छ।

यसबाट लाभ अनुसन्धानकर्तालाई मात्र हुने होइन । किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने छन्, उद्योगले विश्वसनीय कच्चा पदार्थ प्राप्त गर्ने छ, निर्यातकर्ताले अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न सक्ने छन् र उपभोक्ताले सुरक्षित तथा गुणस्तरीय उत्पादन प्रयोग गर्न पाउने छन् । अनुसन्धान, उत्पादन र बजार बिचको दुरी घटाउन सके मात्रै नेपालको हर्बल क्षेत्रले वास्तविक आर्थिक मूल्य सिर्जना गर्न सक्छ। अबको नेपाल-जापान सहकार्य कच्चा जडीबुटीको व्यापारमा सीमित रहनु हुँदैन । संयुक्त अनुसन्धान, प्रविधि हस्तान्तरण, विद्यार्थी तथा अनुसन्धानकर्ताको आदानप्रदान, जैविक प्रविधि विकास, स्वास्थ्य सामग्री उत्पादन, प्राकृतिक सौन्दर्य प्रसाधन, आवश्यक तेल तथा पोषणजन्य उत्पादन विकासमा केन्द्रित दीर्घकालीन साझेदारी निर्माण गर्न आवश्यक छ। यस्तो सहकार्यले दुवै देशलाई आर्थिक रूपमा मात्र होइन, ज्ञान र नवप्रवर्तनको क्षेत्रमा पनि अझ नजिक ल्याउने छ।

## साझा संरचना चाहियो

नेपाल-जापान सहकार्यलाई संस्थागत रूप दिन अब केवल परियोजना-आधारित सहयोग पर्याप्त हुँदैन । दीर्घकालीन दृष्टिकोणका साथ अनुसन्धान, प्रविधि विकास र उद्योगलाई एउटै छातामुनि ल्याउने साझा संरचनाको आवश्यकता छ । यसका लागि नेपाल-जापान हिमाली जडीबुटी अनुसन्धान तथा नवप्रवर्तन केन्द्र स्थापना गर्ने विषयमा दुवै सरकारले गम्भीरतापूर्वक विचार गर्नुपर्ने समय आएको छ।

यस्तो केन्द्रले औषधीय वनस्पतिको वैज्ञानिक अनुसन्धान, गुणस्तर प्रमाणीकरण, नयाँ उत्पादन विकास, जैविक प्रविधिको प्रयोग, बौद्धिक सम्पत्ति संरक्षण तथा अनुसन्धानकर्ताको क्षमता विकासमा महत्तवपूर्ण भूमिका खेल्न सक्छ । विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्र र उद्योगबिच सहकार्यको वातावरण निर्माण गर्दै यसले नेपाललाई केवल कच्चा जडीबुटी निर्यात गर्ने देशबाट ज्ञान र नवप्रवर्तनमा आधारित हर्बल अर्थतन्त्रतर्फ रूपान्तरण गर्न सहयोग पुर्‍याउन सक्छ । विकासको यो यात्रामा संरक्षणको प्रश्नलाई कहिल्यै बेवास्ता गर्न मिल्दैन । जलवायु परिवर्तन, वनविनाश, अव्यवस्थित सङ्कलन र बढ्दो व्यावसायिक दबाबका कारण नेपालका धेरै औषधीय वनस्पति जोखिममा परिरहेका छन् । दुर्लभ हिमाली प्रजातिको प्राकृतिक वासस्थान क्रमशः सङ्कुचित हुँदै गएको छ। आजै दिगो व्यवस्थापनको नीति अवलम्बन गर्न सकिएन भने भविष्यमा अनुसन्धानका लागि स्रोत पनि रहने छैन र उद्योगका लागि कच्चा पदार्थ पनि।

अबको नीति संरक्षण र उपयोगबिच सन्तुलन कायम गर्ने हुनु पर्छ । समुदायमा आधारित संरक्षण, वैज्ञानिक सङ्कलन प्रणाली, व्यावसायिक खेतीको विस्तार, स्थानीय तहको सहभागिता तथा किसानलाई प्रोत्साहन गर्ने नीतिले मात्र दीर्घकालीन सफलता सुनिश्चित गर्न सक्छ । स्थानीय समुदायलाई संरक्षणको साझेदार बनाइएन भने कुनै पनि नीति प्रभावकारी हुन सक्दैनन् । जडीबुटी संरक्षणलाई वातावरणीय दायित्व मात्र होइन, आर्थिक अवसरका रूपमा पनि हेर्नुपर्ने समय आएको छ।

नेपालसँग प्रकृतिले दिएको जैविक सम्पदा छ । जापानसँग अनुसन्धान, प्रविधि र गुणस्तर व्यवस्थापनको विश्वसनीय अनुभव छ। यी दुई शक्तिको संयोजनले केवल नयाँ व्यापारिक अवसर सिर्जना गर्ने छैन, यसले विश्व स्वास्थ्य, हरित अर्थतन्त्र र दिगो विकासमा समेत साझा योगदान दिन सक्छ। यही कारण हर्बल कूटनीति केवल एउटा नयाँ अवधारणा होइन; यो नेपाल-जापान सम्बन्धको आगामी चरणलाई परिभाषित गर्ने व्यावहारिक मार्ग पनि हो।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ागहरुको विशेषज्ञ डाक्टरहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# दाइजो प्रथा अन्त्यका लागि सामूहिक पहल आवश्यक : उपसभामुख ठाकुर



• टक नेपाल

प्रतिनिधि सभाकी उपसभामुख रुबी ठाकुरले दाइजो प्रथा अन्त्यका लागि सामूहिक पहल आवश्यक रहेको बताउनुभएको छ।

धनुषाको ढल्केबरमा शनिबार नाई सहयोग संस्था नेपालको दोस्रो अधिवेशन तथा चौथो साधारण सभाको उद्घाटन गर्दै उपसभामुख ठाकुरले सो कुरा बताउनु भएको हो।

उपसभामुख ठाकुरले दाइजो प्रथाको अन्त्य गर्न र ठाकुर समुदायलाई सामाजिक तथा राजनीतिक रूपमा अगाडि बढाउन सबैले एकअर्कालाई सहयोग गर्नुपर्ने बताउनुभयो। समुदायको एकता र पारस्परिक सहयोग बाट मात्रै समाजको नाम र प्रतिष्ठा माथि उठाउन सकिने उहाँको भनाइ थियो।

दाइजो प्रथाविरुद्ध आफूले निरन्तर आवाज उठाउँदै आएको जानकारी गराउँदै उपसभामुख ठाकुरले दाइजो लिएर वा दिएर विवाह गर्ने तथा दाइजोका लागि दबाब दिने कार्यविरुद्ध कानुनी कारबाही हुने चेतावनी दिनुभयो। उहाँले भन्नुभयो, "छोरीको विवाह गर्दा दाइजो नदिनुहोस्, छोराको विवाह गर्दा दाइजो नलिनुहोस्।"

दाइजोका कारण कसैमाथि दबाब वा अन्याय भए आफूलाई सम्पर्क गर्न आग्रह गर्दै उहाँले यस विषयमा आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा उपसभामुख ठाकुरले नाई सहयोग संस्था नेपालको साधारण सभा सफलताको शुभकामना दिँदै समुदायको हित र सामाजिक सुधारका अभियानमा संस्थाले प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

सोही अवसरमा सिरहा नाई समाजका तर्फबाट श्यामकुमार ठाकुरले उपसभामुख ठाकुरलाई हजाम (ठाकुर) समुदायको सामाजिक, आर्थिक, शैक्षिक तथा राजनीतिक उत्थानसँगै राज्यका विभिन्न निकायमा प्रतिनिधित्व सुनिश्चित गर्न माग गर्दै ज्ञापनपत्र बुझाउनुभएको थियो।

# उखु किसानले मागे दुई वर्षअघिको ७५ करोड बक्यौता अनुदान

• टक नेपाल

देशभरका उखु किसानले दुई वर्षअघिको बक्यौता अनुदान रकम उपलब्ध गराउन सरकारसँग माग गरेका छन्। उखु किसानका प्रतिनिधिले कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसँग भेट गरी करिब ७५ करोड रुपियाँ बक्यौता अनुदान तत्काल भुक्तानी गर्न माग गरेका हुन्।

उखु क्रसिङ सिजन २०८१/८२ को बक्यौता अनुदान रकम किसानले अझै प्राप्त गर्न नसकेको मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले बताउनुभयो। उहाँका अनुसार सरकारले उखु उत्पादनबापत प्रतिक्विन्टल ७० रुपियाँ अनुदान दिने व्यवस्था गरे पनि दुई वर्षअघि किसानले प्रतिक्विन्टल ३५ रुपियाँ मात्रै पाएका थिए।

बजेट अभाव देखाउँदै अघिल्लो सरकारले बाँकी अनुदान रकम उपलब्ध नगराएको किसानको गुनासो छ। बक्यौता रकम प्राप्त हुने अपेक्षासहित देशभरका उखु किसानका प्रतिनिधि काठमाडौँ पुगेको उप्रेतीले बताउनुभयो।

बक्यौता अनुदान भुक्तानीको माग गर्दै विभिन्न जिल्ला बाट आएका किसान प्रतिनिधिले मन्त्रालयमै पुगेर मन्त्री चौधरीलाई ज्ञापनपत्र बुझाएका थिए। भेटका क्रममा मन्त्री चौधरीले बक्यौता अनुदानसम्बन्धी विषयमा आवश्यक अध्ययन तथा छलफल गरी भुक्तानीको व्यवस्था मिलाउने आश्वासन दिएको किसान प्रतिनिधिले बताएका छन्।

यसैगरी, आर्थिक वर्ष २०८२/८३ को अनुदान रकम अन्य जिल्लाका किसानले प्राप्त गरिसके पनि रौतहट र बर्दियाका उखु किसानले भने अझै अनुदान नपाएको विषयमा समेत सरकारको ध्यानाकर्षण गराइएको छ।

नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष श्यामबाबु रायका अनुसार किसान प्रतिनिधिले कृषि विभागका महानिर्देशक, मन्त्रालयका सहसचिव तथा अन्य अधिकारीसँग भेट गरी रौतहट र बर्दियाका किसान लाई बाँकी अनुदान उपलब्ध गराउन माग गरेका छन्।

किसानले कृषि सिँचाइ मिटरमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) हटाउनुपर्ने मागसमेत सरकारसमक्ष राखेका छन्।

यसअघि एक साताअघि सर्लाहीको हरिवनमा बसे को देशभरका उखु किसान प्रतिनिधिको बैठकले किसानका समस्या लिएर काठमाडौँ जाने र कृषिमन्त्री समक्ष ध्यानाकर्षण गराउने निर्णय गरेको थियो। सोही निर्णयअनुसार किसान प्रतिनिधि मन्त्रालय पुगेका हुन्।

उखु किसानले बक्यौता अनुदान समयमै उपलब्ध गराउनुका साथै आगामी दिनमा अनुदान वितरण प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन सरकारसँग माग गरेका छन्।

## साइव अपाधबाट जोगिआं !!!

**कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।**

- बलियो पासवड राखौ, पासवडलाइ नियमित रुपमा पवितन गारै।
- अर्पाचित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौ ।
- अर्पाचित व्यक्तिले युर्जरनेम पासवड मागे नदिऔ ।
- ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔ । त्यस्ता कल पटक पटक आए ब्लक गारै ।

आफना व्यक्तिगत विवणहरु (ओटिपी, युर्जरनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, राहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगारै, सुक्षित राखौं ।

बर्दिबास नगरपालिका
महोत्तरी, मधेश प्रदेश

# लालगढ कुष्ठरोग अस्पतालको ओपीडी सेवा पाँच दिन मात्रै

• रवीन्द्र उप्रेती ।




बिरामीको सर्वाधिक चाप रहने लालगढ कुष्ठरोग अस्पताल तथा सेवा केन्द्रले आगामी असोज १ गतेदेखि आइतबार पनि सार्वजनिक बिदा दिने भएको छ। नेपाल सरकारले सातामा दुई दिन सार्वजनिक बिदा दिने व्यवस्था लागू गरेपछि आइतबार अस्पतालमा आउने बिरामीको संख्या घट्न थालेसँगै अस्पताल सञ्चालक समिति (बोर्ड) ले उक्त निर्णय गरेको हो।

नेपाल लेप्रोसी ट्रस्टद्वारा सञ्चालित यस अस्पतालमा हालसम्म शनिबार मात्र सार्वजनिक बिदा दिइँदै आएको थियो। नेपाल तथा भारतबाट दैनिक ठुलो संख्यामा बिरामी आउने लालगढ अस्पतालमा पछिल्लो समय आइतबार सेवाग्राहीको चाप उल्लेख्य रूपमा घटेको अस्पताल व्यवस्थापनले जनाएको छ।

अस्पताल व्यवस्थापन प्रमुख सुमन तामाङका अनुसार सामान्य अवस्थामा अस्पतालको बहिरङ्ग (ओपीडी) सेवामा दैनिक ४०० भन्दा बढी बिरामी आउने गरेका छन्। तर सरकारले आइतबारसमेत सार्वजनिक बिदा दिने निर्णय गरेपछि अस्पताल पनि दुई दिन बन्द हुने बुझाइका कारण आइतबार आउने बिरामीको संख्या घटेर करिब १०० देखि १५० जनामा सीमित हुन थालेको थियो।

बिरामीको चापमा आएको कमीलाई ध्यानमा राख्दै बिहीबार बसेको अस्पताल सञ्चालक समितिको बैठकले असोज १ गतेदेखि आइतबार पनि बिदा दिने निर्णय गरेको तामाङले जानकारी दिनुभयो।

बोर्डको निर्णयसँगै अस्पतालको ओपीडी सेवाको समय तालिकासमेत परिवर्तन गरिएको छ। हाल शनिबारबाहेक साताको छ दिन सञ्चालन हुँदै आएको ओपीडी सेवा असोज १ गतेदेखि साताको पाँच दिन मात्र सञ्चालन हुनेछ।

ओपीडीको टिकट लिने समय पनि बिहान ८ देखि अपराह्न ३ बजेसम्म कायम गरिएको छ। यसअघि बिहान ८:३० बजेदेखि अपराह्न २ बजेसम्म मात्र टिकट वितरण हुँदै आएको थियो। त्यसैगरी शुक्रबारको ओपीडी सेवा साँझ ५ बजेसम्म सञ्चालन गर्ने निर्णय गरिएको अस्पतालले जनाएको छ। यसअघि यो सेवा साँझ ४:३० बजेपछि बन्द हुँदै आएको थियो।

अस्पताल व्यवस्थापन प्रमुख तामाङका अनुसार शनिबार र आइतबार ओपीडी सेवा बन्द भए पनि अन्तरङ्ग (आईपीडी) सेवा भने पूर्ववत् रूपमा सञ्चालन हुने छ। हाल अस्पतालको आईपीडीमा ६५ जना बिरामी उपचाररत छन्।

अस्पतालका अनुसार आर्थिक वर्ष २०८२/८३ मा ओपीडी सेवामार्फत एक लाख दुई हजार ८२ जनाले सेवा लिएका थिए। सो अवधिमा ८७४ जना नयाँ कुष्ठरोगी फेला परेका थिए। तीमध्ये ६७० जनालाई आईपीडीमा भर्ना गरी उपचार गरिएको तामाङले जानकारी दिनुभयो।

# मिथिलाञ्चलमा झुलोनोत्सव सुरु .....



परम्परागत झुलोनोत्सव सुरु हुँदैछ। मिथिला संस्कृतिसँग गहिरो सम्बन्ध रहेको यो पर्व प्रत्येक वर्ष साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म विशेष धार्मिक विधि तथा परम्परा अनुसार मनाइन्छ।

झुलोनोत्सवका अवसरमा मटिहानीस्थित लक्ष्मीनारायण मठबाट भगवान् राम र माता सीताको प्रतिमालाई विशेष रूपमा सजाइएको डोलामा राखेर भजनकीर्तन तथा धार्मिक बाजागाजासहित झूला घरसम्म पुऱ्याउने परम्परा छ।

झूला घरमा पुगेपछि धार्मिक विधिअनुसार पूजा-आराधना गरी राम-सीताको प्रतिमालाई झुलाउने गरिन्छ। साँझको समयमा हुने भजनकीर्तन, धार्मिक अनुष्ठान तथा सांस्कृतिक गतिविधिले मटिहानीको वातावरण भक्तिमय बन्ने गर्दछ।

### दैनिक डोला यात्रा मुख्य आकर्षण

मटिहानीको झुलोनोत्सवको मुख्य आकर्षण भगवान् राम र सीताको दैनिक डोला यात्रा हो। लक्ष्मीनारायण मठबाट डोलामा राखिएका प्रतिमालाई श्रद्धालु तथा भक्तजनको सहभागितामा भजनकीर्तन गर्दै झूला घरसम्म पुऱ्याइन्छ।

झूला घरमा पूजा-आराधनापछि भगवान् राम र सीताको प्रतिमालाई झुलाउने गरिन्छ। उत्सव अवधिभर धार्मिक तथा सांस्कृतिक गतिविधि सञ्चालन हुने भएकाले मटिहानीमा भक्तजनको चहलपहल बढ्ने गर्दछ।

### मिथिला संस्कृतिको जीवन्त परम्परा

झुलोनोत्सव धार्मिक आस्थाको पर्व मात्र नभई मिथिला क्षेत्रको मौलिक कला, संस्कृति, परम्परा र सामाजिक सद्भावसँग जोडिएको महत्वपूर्ण उत्सवका रूपमा लिइन्छ। पुस्तौँदेखि चल्दै आएको यस परम्पराले मिथिलाको धार्मिक तथा सांस्कृतिक पहिचान संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको स्थानीयको भनाइ छ।

झुलोनोत्सवका अवसरमा स्थानीयवासीसँगै महोत्तरी तथा आसपासका विभिन्न क्षेत्रबाट भक्तजन र श्रद्धालु मटिहानी तथा जनकपुरधाम पुग्ने गरेका छन्। उत्सव अवधिभर मठमन्दिर तथा झूला घर क्षेत्रमा धार्मिक गतिविधि बढ्ने भएकाले मिथिलाञ्चलको वातावरण थप उल्लासमय बन्ने गर्दछ।

स्थानीयका अनुसार झुलोनोत्सवले धार्मिक पर्यटन प्रवर्द्धनसँगै मिथिलाको मौलिक कला, संस्कृति र परम्परालाई नयाँ पुस्तासम्म हस्ता न्तरण गर्नसमेत योगदान पुऱ्याउँदै आएको छ।

## मानव बेचबिखन विरुद्ध सचेतना

- मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो ।
- आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौँ ।
- विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस् ।
- अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस् ।
- सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस् ।
- बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौँ ।
- कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔँ ।
- सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔँ ।
- लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौँ ।
- आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔँ ।
- बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौँ ।
- कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो ।
- बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौँ।
- मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौँ।
- "सचेत नागरिक बनौँ, मानव बेचबिखन रोकौँ; सुरक्षित समाज निर्माणमा सबैको सहभागिता बढाऔँ।"

सोनमा गाउँपालिक, महोत्तरी , मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014